# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धीनियमावली, २०६५ को नियम ३ बमोजिमको स्वत: प्रकाशन

*(कार्यसम्पादन सम्झौताको खण्ड “२” शासकिय प्रबन्ध सँग सम्बन्धित)*

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

## स्वत: प्रकाशन

## आ.व ०८२/८३ (बैशाख-असार)

## जिल्ला प्रशासन कार्यालय, मुस्ताङ

श्री प्रशासन शाखा
CPAS मा upload गर्ने
२०८३/३/३१
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम २०८३ साल बैशाख १ देखि असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण**

**(Proactive Disclosure)**

तेस्रो त्रैमासिक प्रगति विवरण

आ.व.२०८२/०८३ बैशाख-असार




नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय मुस्ताङ

मिति २०८३/०३/३२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

## प्रमुख जिल्ला अधिकारीको भनाई

लोकतन्त्र र सूचनाको हक आपसमा पर्यायवाची शब्द हुन। सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरुमाथि नागरिकको पहुँच र प्राप्तिले पारदर्शी, जिम्मेवार र उत्तरदायी सरकारको अवधारणाको कार्यान्वयनमा सघाउ पुऱ्याउँछ। नागरिकको सार्वभौमिक अधिकारको सम्मान तथा राज्यको नागरिकप्रतिको जिम्मेवारी पालनाको लागि समेत खुला सरकारको अवधारणा, सार्वजनिक निकायका कामकारबाहीमा नागरिकको संलग्नता तथा सूचनामा सरल र सहज पहुँच हुनुपर्ने मान्यता रहेको छ। यसै अनुरुप नागरिकको अधिकार र राज्यको नागरिकप्रतिको कर्तव्यको सम्बोधनका लागि सार्वजनिक निकायले सम्पादन गरेका क्रियाकलापहरु तथा वित्तीय स्थितीको बारेमा आवधिक रुपमा नागरिकलाई सुसूचित गर्नुपर्ने हाम्रो दायित्व पनि हो।

नेपालको संविधान, २०४७ मा पहिलोपटक सूचनाको हक सम्बन्धी विषय समावेश भएता पनी सूचनाको हकको कार्यान्वयनको लागि आवश्यक कानुनी व्यवस्थाको निर्माण हुन सकेन। नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेख भएको सूचनाको हक सम्बन्धी मौलिक हकको कार्यान्वयनका लागि वि.सं. २०६४ सालमा मात्रै सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी भै कार्यान्वयनमा आएको हो। राज्यका कामकारबाही लोकतान्त्रिक पद्धतिअनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउनका लागि व्यवस्थापिका संसदले २०६४ सालको ऐन नं. ४ को रुपमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी गरेको हो। ऐनको कार्यान्वयनमा सरलता र सहजताका लागि सूचनाको हक सम्बन्धी नियमावली, २०६५ समेत जारी भै कार्यान्वयनमा रहेको छ।

सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक सार्वजनिक निकायले आफुले सम्पादन गरेको मुख्य मुख्य क्रियाकलापहरुको विवरण, कार्यक्रम तथा प्रगति विवरण हरेक ३/३ महिनामा स्वतःस्फूर्तरुपमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ। सोही कानूनी व्यवस्था अनुरुप यस जिल्ला प्रशासन कार्यालय, मुस्ताङबाट आ.व. ०८२/८३ को माघ १ देखि चैत्र मसान्त (तेस्रो त्रैमासिक) सम्म गरेका क्रियाकलापहरुको विवरण तथा अन्य सूचनाहरु समावेश गरी यो स्वतः प्रकाशन (Proactive Disclosure) गरिएको छ। यस स्वतः प्रकाशनबाट नागरिकहरु जिल्ला प्रशासन कार्यालयबाट भए गरेका कामकारबाहीका सम्बन्धमा सुसूचित हुनेछन भन्ने विश्वास गरिएको छ। साथै, सार्वजनिक महत्वका सूचनाको सम्मान र संरक्षण गर्न, वर्गीकरण र अद्यावधिक गर्न तथा सूचनाउपर नागरिकको सरल र सहज पहुँच स्थापित गर्न यस कार्यालय प्रतिबद्ध रहेको व्यहोरा समेत अवगतार्थ अनुरोध छ।

अन्त्यमा, यस स्वतः प्रकाशन कार्यमा योगदान पुऱ्याउनुहुने सहायक प्रमुख जिल्ला अधिकारी श्री एक नारायण भण्डारी, नायब सुब्बा श्री प्रकाश पौडेल लगायत सम्पूर्ण जिल्ला प्रशासन कार्यालय परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु।

अजिता शर्मा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

## जिल्लाको चिनारी

गण्डकी प्रदेश अन्तर्गत पर्ने यस हिमाली जिल्ला मुस्ताङ प्रकृति र संस्कृतिको अद्धितिय स्थल हो। अन्नपूर्ण र धौलागिरी हिमश्रृङ्खलाको बीचमा पर्ने र हिमाल पारीको जिल्ला भनेर चिनारी पाएको यस जिल्लाको पूर्वमा मनाङ,पश्चिममा डोल्पा, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत तथा दक्षिणमा म्याग्दी जिल्ला पर्दछन। विश्व मानचित्रमा २८ डिग्री ३३ मिनेट ५१ सेकेन्डदेखी २९ डिग्री १९ मिनेट ५२ सेकेन्ड उत्तरी अक्षांश र ८३ डिग्री २८ मिनेट ५४ सेकेन्ड केखी ८४ डिग्री १४ मिनेट ५८ सेकेन्ड पूर्वी देशान्तरको बिचमा अवस्थित यस जिल्लाको कूल जनसंख्या १४५९६ (राष्ट्रिय जनगणना, २०७८ अनुसार) रहेको छ। समुद्री सतहीदेखी १६४० मिटर (कोप्चेपानी, कुन्जो) देखी ८१ ६७ मिटर (धौलागिरी हिमाल) सम्मको उचाइमा रहेको यस जिल्लामा चिसो मरुभूमीय क्षेत्र तथा उच्च हिमाली भेगको हावापानी रहेको छ। अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत पर्ने यस जिल्लाको कूल वन क्षेत्र १२३२४ हेक्टर (३.२४ प्रतिशत) रहेको छ भने करिब १२२६ प्रजातिका वनस्पती र ४७४ प्रजातिका चराचुरुङ्गी पाइने गरेको तथ्यांक रहेको छ। हिम चितुवा, कश्मिरी कस्तुरी तथा जंगली घोडा र चौरीको लागि समेत यो जिल्ला प्रसिद्ध रहेको छ।

यस जिल्लाको ऐतिहासिकताको सम्बन्धमा ठोस लिखित प्रमाणहरुको अभाव रहेको भएता पनि जनश्रुति अनुसार प्राचिन समयमा यो स्थान तिब्बतको ङारी राज्यको एक भाग थियो भन्ने जानकारी रहेको छ। त्यसैले पनि यस जिल्लाको भाषिक तथा सांस्कृतिक रहनसहन र सामान्य जीवनयापनको शैली तिब्बती संस्कृतिसँग मिल्दोजुल्दो रहेको पाइन्छ। चौधौं शताब्दीमा तत्कालिन तिब्बती ङारीको धेरै भाग नेपालको मल्ल राज्यबाट कब्जा भएपश्चात यो स्थान तत्कालिन मल्ल राज्यको सिंजा शासन व्यवस्था अन्तर्गत समावेश भएको तथा सन १३८० मा आमे पालले यस स्थानलाई स्वतन्त्र राज्यको रुपमा स्थापना गरी शासन व्यवस्था गरेको पाइन्छ। अन्तिम राजा जिग्मे दोर्जे परवल विष्ट (मृत्यु सन २०१६ डिसेम्बर १६) सम्म कूल २५ ओटा राजाहरुले राज्य गरेको यस जिल्लामा गणतन्त्र स्थापनापूर्वसम्म मानार्थ राजाको प्रचलन रहिआएको थियो।

हिन्दू तथा बौद्धमार्गीहरुको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिर (३७५० मिटरको उचाइमा) तथा दामोदरकुण्ड (५४०० मिटर उचाइमा) रहेको यस पवित्र स्थलमा हिन्दू, बौद्ध तथा बोन धर्मावलम्बीहरुको बसोबास रहेको छ। कलाकारले खुबै मेहनतले कोरेका कलाकृतिजस्ता डाँडाकाँडाका आकृतिहरु, आकर्षक र ठूला गुफाहरु, आँखै अगाडी ठोक्किने नीलगिरी र धौलागिरी हिमाल, राताम्य स्याउ बारी र नीलो आकाश यस जिल्लाका विशेष आकर्षक पक्षहरु हुन। वर्ल्ड ट्राभल गाइड लगायतका प्रसिद्ध यात्रा कम्पनीहरुले घुम्नैपर्ने स्थानहरुको सूचीमा सधैं उल्लेख गर्ने यस जिल्लाको अनुपम सौन्दर्य र संस्कृति जीवनमा एकपटक अनुभव गर्नैपर्ने विषय हो।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

# जिल्लाको राजनैतिक विभाजनसहितको नक्सा


नोटः दालोमे गाउँपालिकालाई हाल लो-घेकर दामोदरकुण्ड गाउँपालिका नामाकरण गरिएको छ।




प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

# Mustang District




प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

## १. निकायको स्वरुप र प्रकृति

नेपाल सरकार, गृह मन्त्रालयको मातहतमा रही जिल्ला प्रशासन कार्यालयहरुबाट प्रदान गरिने शान्ति सुरक्षा, अमनचयन, सुशासन, सेवा प्रवाह, सामाजिक सुधार र रुपान्तरण, विपद व्यवस्थापन, समन्वय तथा सहजीकरण, सदाचार र आर्थिक अनुशासन कायम लगायतका उद्देश्यहरुलाई पूरा गर्न वि.सं. २०२१ सालमा जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो। यस कार्यालयले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दूरदृष्टिका साथ विधीको शासन अवलम्बन गरी शान्ति सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै प्रभावकारी सेवा प्रवाहको माध्यमबाट सुशासनको प्रत्याभूति गर्ने गरी आफ्ना कामकारबाही गर्दै आएको छ।

यस कार्यालयबाट जिल्लास्थित ५ वटै स्थानीय तहहरु (थासाङ गा.पा, घरपझोङ गा.पा., बारागुङ मुक्तिक्षेत्र गा.पा., लो घेकर दामोदरकुण्ड गा.पा. र लोमन्थाङ गा.पा.) का सेवाग्राहीहरुलाई सेवा प्रदान गर्दै आएको छ भने प्रशासनिक विकेन्द्रीकरण बमोजिम लो घेकर दामोदरकुण्ड गा.पा. र लोमन्थाङ गा.पा. को सेवाप्रवाह इलाका प्रशासन कार्यालय, लोमन्थाङ बाट समेत हुने गर्दछ।

## २. निकायको काम, कर्तव्य र अधिकार

जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रहने प्रमुख जिल्ला अधिकारी तथा निकाय जिल्ला प्रशासन कार्यालयलाई स्थानीय प्रशासन ऐन, २०२८ तथा अन्य सम्बद्ध कानूनले तोकेका काम, कर्तव्य तथा प्रदान गरेका अधिकारको अधिनमा रही जिल्लामा शान्ति, सुरक्षा र सुव्यबस्था कायम गरी जनताको जिउ धन र स्वतन्त्रताको संरक्षण तथा अन्य काम कारबाही हुँदै आएको छ। यस कार्यालयले सम्पादन गर्ने मुख्य मुख्य कामकारबाही देहाय बमोजिम रहेका छन।

- जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने।
- विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- जिल्ला स्थित कार्यालयहरुसँग/कार्यालयहरुबीचमा समन्वय गर्ने/गराउने।
- जिल्लामा सञ्चालित विकास निर्माणसँग सम्बन्धित आयोजना/कार्यक्रमहरुको अनुगमन,समन्वय र सहयोग गर्ने तथा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न सहयोग र सहजिकरण गर्ने।
- जिल्लाभित्र रहेको नेपाल सरकारको सम्पत्तिको व्यवस्थापन, रेखदेख तथा संरक्षण गर्ने, गराउने।
- नाबालक परिचयपत्र वितरण तथा विवरण अभिलेखीकरण गर्ने।
- नागरिकता वितरण तथा विवरण अभिलेखीकरन र संरक्षण, प्रतिलिपी नागरिकता जारी गर्ने।
- राष्ट्रिय परिचयपत्र वितरण तथा विवरण अभिलेखिकरण गर्ने।
- बजार अनुगमन तथा कालोबजारी नियन्त्रण गर्ने।
- संघसंस्था दर्ता, नविकरण र खारेजी गर्ने।
- हातहतियारको इजाजत प्रदान, नविकारण र नामसारी गर्ने।
- अवैध मदिरा उत्पादन तथा बिक्री वितरणमा नियन्त्रण गर्ने।
- नियमानुसार मुआब्जा निर्धारण र वितरण गर्ने।
- जिल्लास्तरमा सार्वजनिक उत्सब तथा राष्ट्रिय दिवस मनाउने।
- प्रचलित कानुनद्वारा निर्देशित विषयहरुमा न्याय निरुपण गर्ने।
- प्रचलित कानुन र नेपाल सरकारद्वारा निर्देशन भए बमोजिमका अन्य कामकारबाही गर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

### (क) जिल्ला प्रशासन कार्यालय मुस्ताङको संगठन संरचना

**प्रमुख जिल्ला अधिकारी**
रा.प.द्धितीय.(प्र./सा.प्र.)-१

→ निजी सहायक,खरिदार रा.प.अनं.द्धि. (प्र./सा.प्र.)-१
ह.स.चा. श्रेणीविहिन-१
का.स. श्रेणीविहिन-१

**सहायक प्रमुख जिल्ला अधिकारी**
रा.प.तृतीय (प्र./सा.प्र.)-१

**नागरिकता तथा प्रतिलिपी शाखा**
- ना.सु.रा.अनं.प्र.-१
- क.अ.रा.प.अनं.प्र-१
- खरिदार.रा.प.अनं.द्धि-१
- का.स.श्रेणीविहिन-१

**अर्थिक प्रशासन शाखा**
लेखापाल
- रा.प.अनं.प्र-१
- का.स.श्रेणीविहिन-१

**राहदानी तथा जिन्सी दर्ता शाखा**
- ना.सु.रा.प.अनं.प्र-१
- खरिदार रा.प.अनं.द्धि-१

**गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा**
- ना.सु.रा.प.अनं.प्र-१
- का.स.श्रेणीविहिन-१

**स्थानीय प्रशासन मुद्दा तथा सा.सु.शाखा**
- ना.सु.रा.प.अनं.प्र-१
- खरिदार रा.प.अनं.द्धि-१
- का.स.श्रेणीविहिन-१

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

**(ख)जिल्ला प्रशासन कार्यालय, मुस्ताङमा कार्यरत कर्मचारीको पद, शाखा, कोठा नं. र सम्पर्क सहितको विवरण**

| क्र.सं | कर्मचारीको नाम थर | पद | मोवाइल नं. | कोठा नं. | शाखा |
|---|---|---|---|---|---|
| १. | अजिता शर्मा | प्रमुख जिल्ला अधिकारी | ९८५७६३७७७७ | २०१ | |
| २. | एक नारायण भण्डारी | सहायक प्रमुख जिल्ला अधिकारी | ९८५७६५०१३३ | २०२ | |
| ३. | प्रकाश पौडेल | नायब सुब्बा | ९८५६०५६०९९ | २०३ | प्रशासन/जिन्सी |
| ४. | सुवास गिरी | कार्यालय सहयोगी | ९८४८२५०५८७ | | |
| ५. | ओम कुमार गुरुङ | कार्यालय सहयोगी | ९७६६९५०७१७ | | |
| ६. | प्रकाश पौडेल | नायब सुब्बा | ९८५६०५६०९९ | २०५ | मुद्दा |
| ७. | सागर सुवेदी | लेखापाल | ९८५६०३७३७१ | २०४ | लेखा |
| ८. | ठाकुर प्रसाद आचार्य | नायब सुब्बा | ९८४९७१२२७५ | १०१ | नागरिकता, नाबालक तथा प्रतिलिपी |
| ९. | सागर प्रताप अर्याल | खरिदार | ९८५६०८७०७७ | | |
| १०. | सुकमाया गुरुङ | कार्यालय सहयोगी | ९८४४७३८३६१ | | |
| ११. | सागर प्रताप अर्याल | खरिदार | ९८५६०८७०७७ | १०३ | राहदानी |
| १२. | बुद्धि रत्न थकाली | दर्ता अपरेटर | ९८५६०१०६१९ | १०३ | राष्ट्रिय परिचय पत्र |
| १३. | अनिता थकाली | दर्ता सहयोगी | ९८४७६७४७४६ | | |
| १४. | निशा मल्ल गिरी | कार्यालय सहयोगी | ९८६२८५२४७२ | | |
| १५. | प्रकाश अधिकारी | हलुका सवारी चालक | ९८४८५३८२३४ | | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

## ४. जिल्ला प्रशासन कार्यालय मुस्ताङबाट प्रदान गरिने सेवाहरु

- स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवा
- नागरिकता प्रमाणपत्र तथा प्रतिलिपि सम्बन्धी सेवा
- नावलक परिचय पत्र सम्बन्धी सेवा
- मुद्दा तथा ठाढो उजुरी सम्बन्धी सेवा
- संघ संस्था दर्ता, नविकरण तथा संशोधन सम्बन्धी सेवा
- हातहतियर इजाजत तथा नविकरण सम्बन्धी सेवा
- राहदानी सम्बन्धी सेवा
- छापाखाना तथा पत्रपत्रिका दर्ता सम्बन्धी सेवा
- राष्ट्रिय परिचय पत्र सम्बन्धि सेवा
- हवाई उडान तथा ड्रोन उडान सम्बन्धी सेवा
- विपद् व्यवस्थापन सम्बन्धी सेवा
- आपुर्ति व्यवस्था तथा अनुगमन सम्बन्धी सेवा
- अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी सेवा
- प्रचलित ऐन कानुनले जिल्ला प्रशासन कार्यालयले गर्ने भनी तोकेका सेवा

प्रमुख जिल्ला अधिकारी

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| क.सं. | सेवा सुविधाका प्रकार | सेवाग्राही वर्गले पुर्याउनु पर्ने प्रकृया कागजात/प्रमाणहरु | सेवा प्राप्त गर्न लाग्ने | | जिम्मेवार कर्मचारी, शाखा/इकाई | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | | समय | शुल्क | | |
| १. | नागरिकता | | | | | |
| १.१ | वंशजको नाताले नेपाली नागरिकताको प्रमाण पत्र | -स्थानीय तहवाट भएको अनुसूचि,सिफारिस,वावु/आमा/दाजु वा वंशज खुल्ने नजिकको नातेदारको ना.प्र.प प्रतिलिपी र नाता प्रमाणित कागज<br><br>-विवाहित महिलाको हकमा पतिको ना.प्र.प, माइतीतर्फको वंशज खुल्ने ना.प्र.प.विवाह दर्ताको प्रमाणपत्र।<br><br>-आमा बाबु बीच नाता नखुलेमा सो खुल्ने प्रमाण<br><br>-बसाईसराई गरी आउनेहरुको हकमात बसाईसराई प्रमाण पत्र र जग्गाधनी दर्ता प्रमाण पत्र वा विद्युत,खानेपानी महसुल रसीद।<br><br>-फोटो २ प्रती(प्रष्ट दुवै कान देखिएको निधार नढाकेको)<br><br>-सनाखत गर्ने एकाघरको वा ३ पुस्ता भित्रको मानिस | कागजात दुरुस्त भएको खण्डमा सोही दिन | रु १० को टिकट | नागरिकता फाँट/फाँट प्रमुख,(कोठा नं १०१) | प्र.जि.अ./स. प्र.जि.अ |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२ | वैबाहिक अंगिकृत नागरिकता | -अनुसूची ७ फारममा स्थानीय तहको सिफारिस<br><br>-पतिको ना.प्र.प./विवाहदर्ता प्रमाण पत्र<br><br>-विदेशी नागरिकता परित्याग गर्न कारवाही चलाएको प्रमाण।<br><br>-बाबु/आमाको ना.प्र.प./आधार पत्र/रासन कार्ड/निर्वाचन कार्ड वा यस्तै निस्सा<br><br>-पति/सासु/ससुरा/जेठाजु/देवरवाट सनाखत<br><br>-फोटो ३ प्रति<br><br>-आवश्यकता अनुसार प्रहरी सर्जमिन मुचुल्का | | रु. १० को टिकट | नागरिकता फाँट प्रमुख<br><br>(कोठा नं.१०१) | |
| १.३ | अंगीकृत नागरिकका सन्तानलाई अंगीकृत नागरिकता | -स्थानीय तहको अनुसूची-७ बमोजिमको सिफारिस सहित निवेदन<br><br>-बाबु/आमाको ने.ना.प्र.प.सहित सनाखत।<br><br>-बाबु वा आमासँग निवेदकको नाता प्रमाणित<br><br>-नेपालमा वसोवास गरिरहेको व्यहोरा खुल्ने स्थानिय तहको किटानी सिफारिस<br><br>-जन्मदर्ता प्रमाण पत्र<br><br>-शैक्षिक योग्यताको प्रमाणपत्र<br><br>-नेपालमा स्थायी बसोबास गरी काम गरेको भए सोको प्रमाण | | | नागरिकता फाँट प्रमुख<br><br>(कोठा नं.१०१ ) | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मुस्ताङ

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | -मतदाता नामावलीमा नाम भएको वा मतदाता परिचयपत्र प्राप्त गरेको भए सोको प्रमाण, प्रहरी प्रतिवेदन,सार्वजनिक सूचना। | | | | |
| १.४ | कर्मचारी परिवारको नाताले ना.प्र.प. | -स्थानीय तहको सिफारिस सहितको अनुसूची फारम २ प्रति<br>-सम्बन्धित कार्यालयको किटानी सिफारिस पत्र<br>-कर्मचारी परिचयपत्र<br>-फोटो २ प्रति<br>-पिता वा पतिको ना.प्र.प.सहित सनाखत | सोही दिन | ,, | नागरिकता फाँट प्रमुख (कोठा नं.१०१) | ,, |
| १.५ | आमाको नामबाट ना.प्र.प. | -जन्मदर्ता प्रमाणपत्र<br>-आमाको नेपाली नागरिकताको प्रमाणपत्र<br>-जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस<br>-निजको जन्म नेपालमा भई नेपालमा नै बसोबास गर्दै आएको र निजको बाबुको पहिचान हुन नसकेको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस<br>-निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भईसकेकोमा मृत्यु दर्ताको प्रमाणपत्र र होस ठेगानमा नरहेकोमा स्वीकृत चिकित्सकले गरेको सिफारिस। | | | | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मुस्ताङ

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.५ | नेपाली नागरिकताको प्रतिलिपि | -स्थानीय तहवाट भएको अनुसूची सिफारिस<br>-ना.प्र.प. प्रतिलिपी वा सो पुष्टि हुने प्रमाण<br>-बसाईसरी आएको बसाई सराई/जग्गा धनी प्रमाणपत्र वा -बिजुली,पानीको बिल<br>-प्रहरी सर्जमिन | ,, | रु १३ को टिकट | नागरिकता फँट प्रमुख (कोठा नं.१०१) | ,, |
| २.राहदानी | | | | | | |
| २.१ | राहदानी | -अनलाईन फाराम भरेको प्रिन्ट कागज(https://emrtds.nepalpassport.gov.np)<br>-राष्ट्रिय परिचय पत्र भरेको प्रमाण/निस्सा<br>-नेपाली नागरिकताको प्र.प. सक्कल<br>-नावालकको हकमाः ना.बा.परिचयपत्र<br>-अभिभावकको ने.ना.प्र.प.<br>-नविकरण गर्नुपर्दाको अवस्थामाः पुरानो राहदानी सक्कल र नक्कल प्रति | (३४ पृष्ट)<br>रु. ५०००/- | (६६ पृष्ट)<br>रु.१०,०००/- | नागरिकता फाँट प्रमुख<br>(कोठा नं.१०३) | ,,<br>हराएको नासिएको हकमा थप दस्तुर रु ५,०००/- |
| ३. | नावालक परिचय पत्र | -अभिभावकको निवेदन<br>-स्थानीय तहको फोटो प्रमाणित सहितको किटानी सिफारिश<br>-बाबु/आमाको ना.प्र.प. र नाता प्रमाणित<br>-जन्मदर्ता प्रमाणपत्र(विदेशमा जन्म भएको भए सो पुष्टी हुने सक्कलै प्रमाण र वावु/आमाको | ,, | रु १०/-को टिकट | नागरिकता फाँट प्रमुख (कोठा न.१०१) | ,, |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मुस्ताङ

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | राहदानी,ट्राभलडकुमेन्ट,शैक्षिक योग्यताको प्रमाणपत्र)<br><br>-विवाहदर्ता (वावु+आमा)<br><br>-फोटो ३ प्रति | नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मुस्ताङ | | | |
| ४. | शैक्षिक योग्यताको प्रमाणपत्रमा नाम,थर,उमेर आदि सच्याउन | -शैक्षिक योग्यताको प्रमाणपत्र पाएको ६ महिना भित्रैको निवेदन<br><br>-शैक्षिक संस्था र स्थानीय तहको फोटो प्रमाणित सहितको किटानी सिफारिस<br><br>-शैक्षिक योग्यता प्रमाणपत्र र ना.प्र.प.<br><br>-फोटो २ प्रति | „ | „ | मुद्दा शाखा प्रमुख (कोठा न. २०३) | „ |
| ५ | संस्था दर्ता सम्बन्धी | -तोकिएको ढाँचामा निवेदन-१<br><br>-४ प्रति विधान(शुद्धसँग टाइप र कार्यसमितिको सहिछाप हुनुपर्ने)<br><br>-संस्था दर्ता गर्ने सम्बन्धमा भेलाबाट भएको निर्णयको फोटोकपी<br><br>-स्थानीय तहबाट भएको सिफासिश<br><br>-शाखा दर्ता/विस्तारको हकमा शुरु दर्ता हुने जिल्लाको स्थानीय अधिकारीवाट भएको सहमति/स्वीकृती<br><br>-तदर्थ समिति रहने सवै सदस्यहरुको हाजिरी सनाखत<br><br>-तदर्थ समितिका पदाधिकारीहरुको प्रमाणित ना.प्र.प. प्रतिलिपी सहितको व्यक्तिगत विवरण फाराम फोटो | „ | रु १,०००/- | प्रशासन फाँट प्रमुख (कोठा नं.२०३) | „ |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहित<br>-प्रहरी प्रतिवेदन | | | | |
| ६ | संस्था नविकरण | -निवेदन<br>-कर चुक्ता प्रमाण<br>-स्थानीय तहको सिफारिस<br>-लेखापरीक्षणको प्र.प. प्रतिलिपी<br>-लेखा परिक्षण र वार्षिक प्रगति प्रतिवेदन<br>-संस्था दर्ता सक्कल प्रमाणपत्र<br>-कार्य समितिद्वारा लेखापरीक्षण प्रतिवेदन अनुमोदन भएको निर्णय | प्रक्रिया पुगेपछि | नियमावलीमा तोकिए बमोजिम | प्रशासन फाँट प्रमुख (कोठा नं.२०३) | " |
| ७. | पत्रपत्रिका दर्ता सम्वन्धि | -तोकिएको ढाँचामा निवेदन र 3 प्रति फोटो<br>-प्रकाशक कुनै संस्था भए सो सम्बन्धि सम्पुर्ण प्रमाण,निर्णय फोटोकपिहरु संचालकहरुको ना.प्र.प.को फोटोकपी<br>-सम्पादकको शैक्षिक योग्यताको प्र.प. मार्कसिटका फोटोकपिहरु वा एस.एल.सी गरि पत्रकारितामा १० वर्षे अनुभव कागज,सूचना विभागको प्रमाणपत्र समेतका प्रमाणपत्रको फोटोकपी<br>-सम्पादकलाई प्रकाशकले नियुक्त गरेको कागज तथा पत्रिकामा सम्पादक रही काम गर्ने बारेको सम्पादकको मन्जुरीनामा कागज | प्रमाण पुगे पछि सोही दिन | दैनिक पत्रिका रु १०००/-<br>अर्धवार्षिक पत्रिका रु ७००/-<br>सासाहिक पत्रिका रु ५००/-<br>पाक्षिक पत्रिका रु ३००/- तथा मासिक र | प्रशासन फाँट प्रमुख (कोठा न.२०३) | " |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मुस्ताङ

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | -स्वीकृत छापाखानाबाट पत्रिका छाप्न दिएको सिफारिस<br>-छापाखानालाई जिल्ला प्रशासन कार्यालयबाट दिएको स्वीकृति<br>-छापाखानाको मुचुल्का प्रमाण<br>-प्रहरी प्रतिवेदन | नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मुस्ताङ | अन्य पत्रिका रु २००/- | | |
| ८. | छापाखाना संचालन सम्बन्धी | -निवेदक संस्था भए संस्था समबन्धी प्रमाण,निर्णय र संचालकको ना.प्र.प. प्रतिलिपी<br>-छापाखाना दर्ता प्रमाणपत्र<br>-कर सम्बन्धि प्रमाण<br>-छापाखाना संचालन गर्ने घरजग्गाको प्रमाण, अन्य व्यक्तिको घर भएमा मञ्जुरीनामा<br>-छापाखाना उपकरणहरु खरिद गरेको वा नामसारी भई आएको भए सो समेतको सम्पूर्ण प्रमाणहरु<br>-३ प्रति फोटोहरु | प्रमाण पुगेको भोली पल्ट | रु. १०००/- | प्रशासन शाखा प्रमुख कोठा नं. (२०३) | ” |
| ९. | व्यहोरा प्रमाणित | -निवेदन, ना.प्र.प<br>-विवरण फरक पर्न गएको प्रमाण कागज<br>-स्थाननीय तहको किटानी सिफासिश(फोटो टाँस)<br>-फोटो २ प्रति<br>-आवश्यकता अनुसार प्रहरी प्रतिवेदन | सोही दिन | रु १०/-को टिकट | प्रशासन शाखा प्रमुख कोठा नं. (203) | ” |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | पारिवारिक पेन्शन केश प्रमाणित | -निवेदन<br>-पेन्सनर र पति/पत्नी वा निकटतम नातेदार बीच नाता प्रमाणित<br>-पारिवारिक विवरण सहित फोटो प्रमाणित गरिएको स्थानीय तहको सिफारिश पत्र<br>-पति मृत्यु भैसकेकोमा मृत्युदर्ता प्रमाण पत्र<br>-पेन्शनपट्टा,डिस्चार्ज सर्टिफिकेट, अन्य प्रमाण<br>-फोटो २/२ प्रति<br>-आवश्यकता अनुसार प्रहरी प्रतिवेदन | ” | रु १०/-को टिकट | प्रशासन शाखा प्रमुख<br>कोठा नं. (203) | ” |
| ११ | रहल पहल पाउने सिफारिश | -निवेदन<br>-शेषपछिको निकटतम हकदार प्रमाणित भएको स्थानीय तहको किटानी सिफारिश<br>-धेरै जना हकदार भई सबै उपस्थित हुन नसकेकोमा मञ्जुरीनामा<br>-मृतक/पेन्शनर र निवेदक विच नाता प्रमाणित<br>-मृत्यु दर्ता प्रमाण पत्रको फोटोकपी<br>-निवेदकको ना.प्र .प.को फोटोकपी र पेन्शन पट्टाको फोटोकपी | ” | रु १०/-को टिकट | प्रशासन शाखा प्रमुख<br>कोठा नं. (२०३) | ” |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | हातहतियार इजाजत | -ना.प्र.प. फोटोकपी र निवेदन<br>-स्थानीय तहको सिफासिश<br>-प्रहरी प्रतिवेदन<br>-चिकित्सकवाट निरोगिताको प्रमाणपत्र | प्रमाण पुगेको भोली पल्ट | नियमावलीमा व्यवस्था भए अनुसार | प्रशासन शाखा प्रमुख कोठा नं. (२०३) | ,, |
| १२.१ | हातहतियार नामसारी | -तोकिएको अनुसूचि १३ र १४ को फाराम<br>-निवेदन, ना.;प्र.प.फोटोकपी, इजाजतपत्र र दुईबीको कागज, प्रहरी प्रतिवेदन | प्रमाण पुगेको भोली पल्ट | रु १०/-को टिकट | प्रशासन शाखा प्रमुख कोठा नं. (२०३) | ,, |
| १२.२ | हातहतियार नविकरण | -सम्बन्धित व्यक्तिको, निवेदन सक्कल इजाजत पत्र | निबेदन परेकै दिन | नियमावलीमा व्यवस्था भए अनुसार | प्रशासन शाखा प्रमुख कोठा नं. (२०३) | ,, |
| १३ | शान्ति सुरक्षाको निवेदन | -व्यहोरा खुलेको निवेदन<br>-परिचय खुल्ने प्रमाण<br>-व्यहोरा पुष्टि गर्ने कागज | सोही दिनवाट प्रकृया आरम्भ | रु १० को टिकट | ,, | ,, |
| १४ | जनसरोकारका गुनासो वा ठाडो उजुरी | -व्यहोरा खुलेको निवेदन<br>-परिचय खुल्ने प्रमाण<br>-व्यहोरा पुष्टि गर्ने कागज | सोही दिन | ,, | प्रशासन तथा मुद्दा शाखा प्रमुख ( कोठा नं.२०३) | ,, |
| १५ | भ्रष्टाचार/अख्तियार दुरुपयोग सम्बन्धी निवेदन | -व्यहोरा खुलेको निवेदन,परिचय खुल्ने प्रमाण, व्यहोरा पुष्टि गर्ने कागज | ,, | ,, | ,, | ,, |
| १६ | विपद् राहत सम्बन्धी निवेदन | -निवेदन<br>-स्थानीय तहको सिफारिश | ,, | ,, | आर्थिक प्रशासन शाखा ( कोठा नं.२०४ ) | ,, |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मुस्ताङ

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | -प्रहरी प्रतिवेदन<br>-नागरिकता प्रमाणपत्रको फोटोकपी | | | | |
| १७ | मुद्दाः बढीमा १ वर्ष सम्म कैद र रु १०,०००।- सम्म जरिवाना हुनसक्ने मुद्दाको शुरु कारवाही र किनारा | सरकारी वकिल कार्यालयवाट अभियोग पत्र (प्रमाण मिसिल सहित) पेश हुनु पर्ने | मुद्दाको शुरु कारवाही अभियोग पत्र दर्ता भएकै दिन देखि | थुनछेक आदेश(पुर्पछमा पठाउने वा धरौटी तोक्ने आदेश) प्र.जि.अ.वाट | मुद्दा शाखा प्रमुख ( कोठा नं. २०३ ) | ,, |
| १८ | नागरिकता परित्याग सम्वन्धमा | -अनुसूची-९ बमोजिमको निवेदन<br>-सक्कल नागरिकता<br>-हाल बसोबास गरेको देशको पी.आर. वा स्थायी वसोवास सम्बन्धी कागजको फोटोकपी | सोही दिन | रु १० को टिकट | नागरिकता शाखा प्रमुख ( कोठा नं.१०१ ) | ,, |
| १९ | राष्ट्रिय परिचय पत्र विवरण दर्ता | -निवेदन<br>-सक्कल ने.ना.प्र.प.<br>-व्यहोरा पुष्टि हुने कागज | सोही दिन | निःशुल्क | कोठा न. १०३ विवरण दर्ता अपरेटर | स.प्र.जि.अ |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

६. <u>निर्णय गर्ने प्रकृया र अधिकारी</u>

- सरकारी निर्णय प्रकृया सरलिकरण निर्देशिका, २०६५, सुशासन (व्यवस्थापन सञ्चालन ) ऐन, २०६४, सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगाएत अन्य प्रचलित कानुन बमोजिम

- सम्बन्धित शाखाबाट निर्णयका लागि पेश भएकोमा सहायक प्रमुख जिल्ला अधिकारीबाट र सहायक प्रमुख जिल्ला अधिकारीबाट पेश भएकोमा प्रमुख जिल्ला अधिकारीबाट निर्णय हुने।
- निर्णयका लागि तोक आदेश, टिप्पणी तथा फैसला/आदेश पर्चाको प्रयोग हुने।

७. <u>निर्णयउपर उजुरी सुन्ने अधिकारी</u>

- स.प्र.जि.अ. बाट भएको निर्णयउपर प्रमुख जिल्ला अधिकारी
- प्र.जि.अ.बाट भएको निर्णयउपर गृह सचिव/अ.दु.अ.आ./अदालत।

८. <u>यस अवधिमा सम्पादन गरेको कामको विवरण र आम्दानी, खर्च तथा आर्थिक कारोबार समबन्धी अद्यावधिक विवरण (बैशाख १ देखि असार मसान्त सम्म)</u>

| क्र.स. | मुख्य क्रियाकलाप | क्रियाकलाप | वैशाख महिनाको | जेष्ठ महिनाको | असार महिनाको | इकाई | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | नागरिकता | नयाँ नागरिकता | ३३ | ६५ | ४१ | १३९ थान | |
| | | प्रतिलिपी | २५ | ३४ | २२ | ८१ थान | |
| | | आमाको नाम बाट जारी नागरिकता | ० | ३ | १ | ४ थान | |
| | | गैह्र आवसिय नेपाली नागरिकता | - | - | - | थान | |
| २. | राष्ट्रिय परिचयपत्र | विवरण दर्ता | ८४ | १०८ | ८६ | थान | |
| | | बितरण | १२६ | ११९० | ६२० | थान | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | राहदानी | साधारण सिफारिस | ५२ | ५० | ४३ | १४३ थान | |
| | | नावालक सिफारिस | १ | - | २ | ३ थान | |
| | | वितरण | ६२ | ५५ | ५३ | १७० थान | |
| ४. | मुद्दा | अघिल्लो आ.व. बाट जिम्मेवारी सरेका | - | | | वटा | |
| | | दर्ता भएका मुद्दा | १ | - | - | १ वटा | |
| | | फछ्र्यौट भएका मुद्दा | - | - | ४ | ४ वटा | |
| | | कुल फछ्र्यौट हुन बाँकी मुद्दा | ० | | | वटा | |
| ५. | संघ संस्था | नयाँ दर्ता | - | - | १ | १ वटा | |
| | | नविकरण | २ | | ४ | ६वटा | |
| ६. | नाबालक परिचयपत्र | नयाँ | ३ | ४ | १ | ८ वटा | |
| | | प्रतिलिपी | ० | १ | ० | १ वटा | |
| ७. | अनुगमन/निरीक्षण | सरकारी कार्यालय | १ | १ | १ | ३ पटक | |
| | | बजार | १ | १ | १ | ३पटक | |
| | | संघ संस्था | २ | २ | २ | ६पटक | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विकास आयोजना | २ | २ | २ | ६पटक | |
| ८. | बैठक | जिल्ला सुरक्षा समिति | ३ | ५ | ३ | ११ पटक | |
| | | जिल्ला विपद् व्यवस्थापन | - | १ | २ | ३ पटक | |
| | | कार्यालय प्रमुख | १ | १ | १ | ३ पटक | |
| | | कार्यालय कर्मचारी | १ | १ | १ | ३ पटक | |
| | | अन्य बैठक | ४ | ६ | ९ | १९पटक | |
| ९. | राहत तथा उद्धार | उद्धार संख्या | - | - | - | पटक | |
| | | राहत वितरण | - | - | - | पटक | |
| १०. | ठाडो उजुरी | उजुरी संख्या | - | - | - | वटा | |
| | | कारवाही भई फछ्र्यौट | - | - | - | वटा | |
| ११. | भ्रष्टाचार/ अख्तियार सम्बन्धी उजुरी कारवाही | - | - | - | - | वटा | |
| १२. | सिफारिस तथा प्रमाणित | - | - | ३ | ३ | ६ वटा | |

९. <u>सूचना अधिकारी र प्रमुखको नाम र पद</u>

- प्रमुखको नाम पदः- अजिता शर्मा, प्रमुख जिल्ला अधिकारी
- सूचना अधिकारीः- एक नारायण भण्डारी, सहायक प्रमुख जिल्ला अधिकारी

११.<u>ऐन, नियम, विनियम वा निर्देशिकाको सूची</u>

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन,२०६३

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

- दैवी प्रकोप उद्दार ऐन, २०३९
- लागु औषद (नियन्त्रण )ऐन, २०३३
- हातहतियार तथा खरखजाना ऐन, २०१९
- भष्ट्राचार नयन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग आयोग ऐन, २०४८
- राहदनी ऐन, २०२४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन ),ऐन २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- संस्था दर्ता ऐन, २०३४
- संस्ता दर्ता नियमावली,२०३४
- हातहतियार तथा खरखजाना नियमावली,२०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- गृह प्रशासन सुधार कार्ययोजना, २०७८
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र रहात सम्बन्धी मापिदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहित, २०६९
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- सरकारी निर्णय प्रकृया सरलिकरण निर्देशिका, २०६५
- अन्य प्रचलितऐन कानुन तथा निर्देशिकाहरु

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुस्ताङ

१२.तोकिए बमोजिमका अन्य विवरण

१३.जिल्ला प्रशासन कार्यालय मुस्तङको वेभसाइट,इ-मेल, फेसबुक

Website: daomustang.moha.gov.np

Email: daomustang@moha.gov.np, daomustang@gmail.com

Facebook: https://www.facebook.com/profile.php?id=100089517667969&mibextid=ZbWKwL

१४.प्राप्त वैदेशिक सहायता, अनुदान,ऋण एवं प्राविधिक सहयोग

- प्राप्त नभएको

१५.सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण

- माघ १ गते देखि चैत्र मसान्त सम्म सूचनाको हक अन्तर्गत माग भएको सवै सूचना उपलव्ध गराइएको ।

अन्तमा

सार्वजनिक सरोकार र महत्वका कुनैपनि सूचना माग्न सक्ने र पाउन सक्ने गरी स्थापित अधिकार सुचनाको हक हो ।नागरिकको सु-सूचित हुने हकलाई संरक्षण र प्रचलन गराउनु यसको ध्येय हो । लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको सूचनाको हकले खुला सरकार र पारदर्शी शासन प्रणालीको अवधारणालाई सफलिभूत पार्दछ । सार्वजनिक निकायद्वारा सम्पादन भए गरेका काम कारबाहीहरुको कानुनबमोजिम एवं औचित्यका आधारमा सबै नागरिकलाई जानकारी हुनुपर्दछ भन्ने मान्यता अनुरुपनै यस कार्यालयबाट सूचनाको हक सम्बन्धि ऐन तथा नियमावलीले गरेको व्यवस्था अनुरुप सूचना प्रकाशन गरिदै आएको छ । सुशासनको प्रमुख खम्बाको रुपमा रहेको सूचनाको हकलाई थप प्रभावकारी बनाउन आम नागरिकमाझ सूचनाको पहुँच र प्राप्तिलाई सुनिश्चित गरिनु पर्दछ ।

प्रमुख जिल्ला अधिकारी